# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/२७

तेस्रो अधिवेसन

(२२औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २२औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय दुर्गा वि.क.**

माननीय सभामुखज्यू, अछाममा १८ गतेको हावाहुरी, असिनापानी, चट्याङ र पानीले गर्दा ११ जना घाइते हुनुभएको त्यसमा पछि ९ जना अछाम पंचदेवलविनायक नगरपालिकाकाकै पर्नुभाको थियो । ६ जना अलि सिकिस्तै हुनुहुन्थ्यो र त्यसैको घटना सेलाउन नपाउदै फेरी २५ गतेको असिनापानी र चट्याङले अछामकै पंचदेवल विनायक नगरपालिका साविकको खुलेतला निवासी भाइ जनक रावलको निधन भएको छ । हामीले त्यसता दैविक प्रकोपमा घटेका घटनाहरु र त्यसबाट जनताले भोगेको सास्ती र माननीय क्षति र भौतिक आर्थिक हिसाबले भएको क्षतिको विवरण र सरकारसँग पटक पटक हामीले माग गरिराखेका छौं । अहिलेसम्म पनि १ वर्ष अगाडीका घटनाहरुमा पनि सुनुवाइ हुनु सकेको अवस्था छैन । पटक पटक अछाममा यसता हावाहुरी असिनापानी र अट्याङ परेर मानवीय क्षतिका साथसाथै बालीनालीको पनि क्षति भइराखेको अवस्था छ । असिनाले अहिले असाध्यै राम्रो गहुँबाली देखी लिएर पशुपंक्षी समेत क्षति गरेको अवस्था छ । त्यसो भएको कारणले गर्दा म माननीय सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्दै ततकाल क्षतिपूर्ति र मृतकका परिवारलाइ राहात उपलब्ध गराउन अनुरोध गर्न चाहान्छु धन्यवाद ।

**२. माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट तयार पारीएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**४. माननीय सदस्यहरु,**

अब म अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारीएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुखज्यू, मिति २०७५।१२।२६
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :- **सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५**
सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।१२।२५ गते बसेको तेस्रो अधिवेशनको २१औं बैठकको निर्णय अनुसार सुदूरपश्चिम "**सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको ४५औं बैठक बसि विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दीर्घ बहादुर सोडारी -सदस्य

२. माननीय देवराज पाठक -सदस्य

३. माननीय अक्कल बहादुर रावल -सदस्य

४. माननीय अम्बी कुमारी थापा -सदस्य

५. माननीय कृष्ण बहादुर चौधरी -सदस्य

६. माननीय गोविन्दराज बोहरा -सदस्य

७. माननीय प्रेम प्रकाश भट्ट -सदस्य

८. माननीय पूर्णा जोशी -सदस्य

९. माननीय महेशदत्त जोशी -सदस्य

१०. माननीय रतन बहादुर थापा -सदस्य

**आमन्त्रित**

१. भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरा

२. सि.डि.इ. श्री श्याम बहादुर खड्का

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

## संशोधन तथा थप हुनुपर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | प्रस्तावना | सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि प्रदेशको अधिकार अन्तर्गत रहेका वा हस्तान्तरण भई आउने लोकमार्गहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, पुनर्निर्माण, संभार, विस्तार,संरक्षण, सम्वर्धन, स्तरोन्नति वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र सडकको उचित व्यवस्थापन एवं नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभालेयो ऐन बनाएको छ . | **जनतालाई सुरक्षित यातायातको** सुविधा तथा आर्थिक हित कायम राख्नको लागि प्रदेशको अधिकार अन्तर्गत रहेका वा हस्तान्तरण भई आउने लोकमार्गहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, पुनर्निर्माण, संभार, विस्तार,संरक्षण, सम्वर्धन, स्तरोन्नति वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र सडकको उचित व्यवस्थापन एवं नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभालेयो ऐन बनाएको छ . |
| २ | दफा २ को (ग) मा | विशेष उद्देश्यका सडक भन्नाले प्रदेशसरकारकोनिर्णय बाट तोकिएका महत्वपूर्ण औद्योगिक केन्द्र, बजारकेन्द्र, धार्मिक, ऐतिहासिक, पर्यटकीय, विषेश कृषि उत्पादन तथाअन्य विषेश महत्वको क्षेत्र जोड्ने वा विशेष उद्देश्य पूरा गर्न निर्माण गरिएका सडक सम्झनुपछ र सो शब्दले त्यस्ता सडकमा पर्ने सबै किसिमकापुल, कजवे, कलभर्ट, साईकल मार्ग, फूटपाथ र सडक सुरक्षाका लागि बनाइएका संरचना वा चिन्ह वा संकेत सहित सडकमा निर्मित रोड फर्निचर वा सडक बत्ती वा अन्य संरचनालाई समेत जनाउँछ. | विशेष उद्देश्यका सडक भन्नाले प्रदेशसरकारकोनिर्णय बाट तोकिएका महत्वपूर्ण औद्योगिक केन्द्र, बजारकेन्द्र, धार्मिक, **शैक्षिक** ऐतिहासिक, पर्यटकीय, विषेश कृषि उत्पादन तथाअन्य विषेश महत्वको क्षेत्र जोड्ने वा विशेष उद्देश्य पूरा गर्न निर्माण गरिएका सडक सम्झनुपछ र सो शब्दले त्यस्ता सडकमा पर्ने सबै किसिमकापुल, कजवे, कलभर्ट, साईकल मार्ग, फूटपाथ र सडक सुरक्षाका लागि बनाइएका संरचना वा चिन्ह वा संकेत सहित सडकमा निर्मित रोड फर्निचर वा सडक बत्ती वा अन्य संरचनालाई समेत जनाउँछ. |
| ३ | दफा २ को (ङ) मा | "जग्गा भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, ईमारत, रुख, इत्यादि र सोसंग स्थायी रूपले जोडिएको संरचना समेतलाई जनाँउछ। | "जग्गा भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, **महल, पर्खाल**, रुख, इत्यादि र सोसंग स्थायी रूपले जोडिएको संरचना समेतलाई जनाँउछ। |
| ४ | दफा ४ को (१) | **तोकिएको फासला भित्र भवन, संरचना आदि बनाउन निषेध गर्न सकिने** : (१) दफा ३ बमोजिमका सडकका तोकिएका सडकसीमाबाट र सडकसीमा नतोकिएका अन्य सडकको हकमा उक्त सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सीमा भित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट ( स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न | **तोकिएको फासला भित्र भवन, संरचना आदि बनाउन निषेध गरिने** : (१) दफा ३ बमोजिमका सडकका तोकिएका सडकसीमाबाट र सडकसीमा नतोकिएका अन्य सडकको हकमा उक्त सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सीमा भित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध **गरिने छ।** |

| | | | |
|---|---|---|---|
| | | नपाउने गरी निषेध गर्न सक्नेछ । | |
| ५ | दफा ४(१) | तर नगर विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम हुनेछ । | उक्त वाक्यांस हटाईएको |
| ६ | दफा ४ को उपदफा (३) | उपदफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन मन्त्रालय वा निर्देशनालयको आदेशलेतत्काल भत्काउन सकिनेछ । मन्त्रालय वा निर्देशनालयले त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट तोकिए बमोजिम भराउन सक्नेछ । | उपदफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी **वा अस्थायी** बनौट वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन मन्त्रालय वा निर्देशनालय वा कार्यालयको आदेशलेतत्काल भत्काउन सकिनेछ । मन्त्रालय वा निर्देशनालय **वा कार्यालयले** त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल उपर गराइनेछ । क |
| ७ | दफा ६ को उपदफा (२) मा | उपदफा (१) मा उल्लिखित कामको लागि विशेष स्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गर्न हुँदैन । | उपदफा (१) मा उल्लिखित कामको लागि विशेष **परिस्थिति** परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गर्न हुँदैन । |
| ८ | दफा ६ को उपदफा (२) को (क) मा | कुनै व्यक्तिले आफनो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा इमारत, | कुनै व्यक्तिले आफनो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर **वा** टहरा |
| ९ | दफा ७ को उपदफा (१) को (क) मा | कुनै घर, टहरा वा इमारत सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा इमारतको धनीले सो घर, टहरा वा इमारत उपभोग गर्न नपाए बापतको क्षति, | कुनै घर, टहरा वा **संरचना** सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा **संरचना**को धनीले सो घर, टहरा वा **संरचना** उपभोग गर्न नपाए बापतको क्षति, |
| १० | दफा ७ को उपदफा २ को देहाय (१) को (क) मा | निर्देशनालय र सम्बन्धित जग्गाधनीको बीच यस ऐन वा प्रचलित कानूनको अधिनमा रही सम्झौता भएमा सोही बमोजिम, | निर्देशनालय **वा कार्यालय** सम्बन्धित जग्गाधनीको बीच यस ऐन वा प्रचलित कानूनको अधिनमा रही सम्झौता भएमा सोही बमोजिम, |
| ११ | दफा ७ को उपदफा २ को देहाय (ख) | (ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा देहाय बमोजिमका मध्यस्थताद्वारा क्षतिपुर्ति रकम निर्धारण गरिनेछ ।<br>(१) सम्वन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख, संयोजक,<br>(२) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि र<br>(३) संबन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत । | (ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा देहाय बमोजिमका मध्यस्थताद्वारा क्षतिपुर्ति रकम निर्धारण गरिनेछ ।<br>(१) सम्बन्धीत क्षेत्रको प्रदेश सभा सदस्य - संयोजक<br>(२) सम्वन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख - सदस्य<br>(३) प्रमुख जिल्ला अधिकारी - सदस्य<br>(४) संबन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>(५) भौतिक पूर्वाधार विकास निर्देशनालय वा कार्यालयका बरिष्ठ ईन्जिनियर - सदस्य सचिव |
| १२ | दफा ९ मा | वजनको हद निर्धारण गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सरकार अन्तरगत रहेको कुनै प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यको सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य | वजनको हद निर्धारण गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सरकार अन्तरगत रहेको कुनै प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष |

| | | | |
|---|---|---|---|
| | | विशेष उद्देश्यको सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ । | उद्देश्यको सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध **गरिने छ ।** |
| १३ | दफा ११ को उपदफा (३) मा | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यको सडकमाबनाइएको संरचना वा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुग्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार मन्त्रालय वानिर्देशनालयलाई हुनेछ । | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमाबनाइएको संरचना वा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुग्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**लाई हुनेछ । |
| १४ | दफा ११ को उपदफा (४) | मा उल्लिखित माल वस्तु बाहेक प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यको सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै माल वस्तु वा ढोका वा रुखको हाँगा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएकोछ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मुनासिब माफिकको म्याद तोकी मन्त्रालय वानिर्देशनालयले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सोसंरचना वा माल वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने मापदण्ड समेत तोक्न सक्नेछ । | मा उल्लिखित माल वस्तु बाहेक प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै माल वस्तु वा ढोका वा रुखको हाँगा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएकोछ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मुनासिब माफिकको म्याद तोकी मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सोसंरचना वा माल वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने मापदण्ड समेत तोक्न सक्नेछ । |
| १५ | दफा ११ को उपदफा (५) | उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली मन्त्रालय वा निर्देशनालयमा निवदेन दिन सक्नेछ र त्यस अवस्थामा मन्त्रालय वा निर्देशनालयले एक पटकसम्म आवश्यक अनुसार मुनासिव माफिकको म्याद बढाई दिन सक्नेछ । | उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**मा निवदेन दिन सक्नेछ र त्यस अवस्थामा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले एक पटक सम्म आवश्यक अनुसार मुनासिव माफिकको म्याद बढाईदिन सक्नेछ । |
| १६ | दफा ११ को उपदफा (६) मा | उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाही नगरेमा मन्त्रालय वा निर्देशनालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ । त्यस्तोमा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्याँश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन । | उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाही नगरेमा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ । त्यस्तोमा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्याँश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन । |
| १७ | दफा १२ को | (१) मन्त्रालय वा निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश लोकमार्ग वा | (१) मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**को स्वीकृति प्राप्त नगरी कसैले प्रदेश लोकमार्ग वा |

| | | | |
|---|---|---|---|
| | उपदफा (१) | प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा प्रबेश द्वार निर्माण गर्न वाप्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमा भित्रको जग्गा आवादी गर्न वा कुनै किसिमको पसल थाप्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन । | प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा भित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा प्रबेश द्वार निर्माण गर्न वाप्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमा भित्रको जग्गा आवादी गर्न वा कुनै किसिमको पसल थाप्न वा यस्तै अन्य कुनै कार्य गर्न **पाईनेछैन ।** |
| १८ | दफा १२ को उपदफा (२) | (२) कसैले मन्त्रालय वा निर्देशनालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा मन्त्रालय वा निर्देशनालयले त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही गर्नुपर्ने भए सो समेत गरी स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बभ्याउन वा थाप्ने गरेको पसल हटाउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्ति वा संस्थाको नाउँमा आदेश जारी गर्न सक्नेछ । | (२) कसैले मन्त्रालय वा निर्देशनालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही गर्नुपर्ने भए सो समेत गरी स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बभ्याउन वा थाप्ने गरेको पसल हटाउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्ति वा संस्थाको नाउँमा आदेश जारी गर्न सक्नेछ । |
| १९ | दफा १२ को उपदफा (३) | सम्बन्धित व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बभ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा संस्थाबाट मन्त्रालय वा निर्देशनालयले असुल उपर गरी लिन सक्नेछ । | सम्बन्धित व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बभ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा संस्थाबाट मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले असुल उपर गरी लिन सक्नेछ । |
| २० | दफा १३ को उपदफा (१) | (१) कसैलाई कुनै कामको निमित्त प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमा खन्नु वा भत्काउनु परेमा मन्त्रालय वा निर्देशनालयको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माँग गरेमा मन्त्रालय वा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको | (१) कसैलाई कुनै कामको निमित्त प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्नु वा भत्काउनु परेमा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**को स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माँग गरेमा मन्त्रालय वा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| | | रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ । | |
| २१ | दफा १३ को उपदफा (२) | (२) उपदफा (१) बमोजिम प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमा खन्ने स्वीकृति दिंदा त्यसरी प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकसीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू मन्त्रालय वा निर्देशनालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालन गर्नेछु भनी स्वीकृतिको माँग गर्ने व्यक्ति वा संस्थाबाट कबुलियत गराउनु आवश्यक देखेमा मन्त्रालय वा निर्देशनालयले सो समेत गराई लिन सक्नेछ । | (२) उपदफा (१) बमोजिम प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्ने स्वीकृति दिंदा त्यसरी प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालन गर्नेछु भनी स्वीकृतिको माँग गर्ने व्यक्ति वा संस्थाबाट कबुलियत गराउनु आवश्यक देखेमा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले सो समेत गराई लिन सक्नेछ । |
| २२ | दफा १४ को उपदफा (१) | (१) दफा ११ को उपदफा (४) प्रतिबन्धात्मक व्यवस्था बाहेक र दफा १२ को उपदफा (१) बमोजिम प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा दफा ११ को उपदफा (६) बमोजिम कुनै काम कारवाही गर्दा मन्त्रालय वा निर्देशनालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्ति वा संस्थाबाट भराई लिन सक्नेछ । | (१) दफा ११ को उपदफा (४) प्रतिबन्धात्मक व्यवस्था बाहेक र दफा १२ को उपदफा (१) बमोजिम प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा दफा ११ को उपदफा (६) बमोजिम कुनै काम कारवाही गर्दा मन्त्रालय वा निर्देशनालय **वा कार्यालय**ले गरेको खर्चको रकम सरोकारवाला व्यक्ति वा संस्थाबाट भराई लिन सक्नेछ । |
| २३ | दफा १४ को उपदफा (२) | (२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन मन्त्रालय वानिर्देशनालयले सरोकारवाला व्यक्ति वा संस्थाको नाउँमा पैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माँग पनि नगरेमा तोकिए बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही चलाउनु पर्नेछ । | (२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन निर्देशनालय वा कार्यालयले सरोकारवाला व्यक्ति वा संस्थाको नाउँमा पैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माँग पनि नगरेमा तोकिए बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही चलाउनु पर्नेछ । |
| २४ | दफा १४ को उपदफा(३) | (३) प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडकको आवागमनमा बाधा पुग्राउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई वा भत्काउनुपर्ने संरचना भत्काईमन्त्रालय वा निर्देशनालयले आफनो नियन्त्रणमा लिएको भए त्यस्तो माल वस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा सो मन्त्रालय वा निर्देशनालयले व्यहोर्नु परेको खर्च उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र एक वर्षसम्म पनि त्यस्तो खर्च उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु प्रदेश सरकारको हुनेछ। | (३) प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकको आवागमनमा बाधा पुग्राउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई वा भत्काउनुपर्ने संरचना भत्काईमन्त्रालय वा निर्देशनालय वा कार्यालयले आफनो नियन्त्रणमा लिएको भए त्यस्तो माल वस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा सो मन्त्रालय वा निर्देशनालय वा कार्यालयले व्यहोर्नु परेको खर्च उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र एक वर्षसम्म पनि त्यस्तो खर्च उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु प्रदेश सरकारको हुनेछ । |
| २५ | दफा २० | (२) कसैले दफा ८ बमोजिम लगाएको रुख | (२) कसैले दफा ८ बमोजिम लगाएको रुख उखेलेमा |

| | | | |
|---|---|---|---|
| | को उपदफा (२) | उखेलेमा वा काटेमा वा दफा ९ विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १० बमोजिम माटो, ढुङ्गा, बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा ११ को वर्खिलाप कुनै काम गरेमा पाँच हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । | वा काटेमा वा दफा ९ विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १० बमोजिम माटो, ढुङ्गा, बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा ११ को वर्खिलाप कुनै काम गरेमा **दश** हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |
| २६ | दफा २२ को उपदफा (२) | (२) उपदफा (१) बमोजिम कारवाही गर्दा मन्त्रालय वानिर्देशनालय वा तोकेको अधिकारीले प्रचलित कानुन बमोजिम अधिकार प्रयोग गर्न सक्नेछ । | (२) उपदफा (१) बमोजिम कारवाही गर्दा मन्त्रालय वा निर्देशनालय वा कार्यालय वा तोकेको अधिकारीले प्रचलित कानुन बमोजिम अधिकार प्रयोग गर्न सक्नेछ । |
| २७ | दफा २४ को उपदफा (१) | (१) कुनै पनि व्यक्ति संस्था वा निकायले प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडक वा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा अन्य विशेष उद्देश्यका सडक सीमा भित्र ठोस, तरल वा ग्यास वा अन्य कुनै किसिमको फोहरमैला गर्नुहुँदैन । | (१) कुनै पनि व्यक्ति संस्था वा निकायले प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक सीमा भित्र ठोस, तरल वा ग्यास वा अन्य कुनै किसिमको फोहरमैला **गर्न पाईने छैन ।** |
| २८ | दफा २७ को उपदफा (२) | (२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमवलीमा देहायका कुराको व्यवस्था गर्न सकिनेछः- | (२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमवलीमा देहायका कुराको व्यवस्था **गरिनेछ ।** |

**नोट :-** साविक विधेयकको दफा ३ मा प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग, विशेष उद्देश्यका सडक भनी लोकमार्गको बर्गिकरण गरि सकिएकोले विशेष उद्देश्यका सडकको अगाडी अन्य भन्ने शब्द लगाउँन आवश्यक नदेखिएकोले साविक विधेयकमा "विशेष उद्देश्यका सडक" को अगाडी रहेको अन्य भन्ने शब्दहरु हटाईएका छन् ।

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु "**सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५**" मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**

माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

**५. माननीय सदस्यहरु,**

**“सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५”** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।.

**६. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक यहि मिति २०७५ साल चैत्र २८ गते बिहीबार दिनको ०२:०० बजे बस्ने भएकाले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।